annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५३ पृष्ठ १० | काठमाडौं, सोमबार १४ असोज २०८१ | आश्विन कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४४ | MONDAY, SEPTEMBER 30, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी/फेक अडियो प्रकरण

# 'सीधाकुरा डटकम'ले अदालतको अवहेलना गरेको ठहर

सर्वोच्च अदालतले सीधाकुरा डटकममा 'डार्क फाइल' नाम दिएर प्रसारण र प्रकाशन गरिएका सामग्रीविरुद्ध परेको अदालतको अवहेलना मुद्दामा संलग्न सबैलाई जेल सजायको फैसला गरेको छ।

दिनेश गौतम | *काठमाडौं*

– को रिपोर्ट

न्यायमा अवरोधको अवस्था सिर्जना नभएमा मात्र प्रेस स्वतन्त्रता अक्षुण र जीवन्त रहन्छ भन्ने कुरामा पनि सञ्चारमाध्यमले हेक्का राख्नुपर्छ। सत्यप्रतिको दायित्व, प्रमाणीकरणको अनुशासन र स्वतन्त्रता जस्ता विषय पत्रकारिताका आधारभूत सिद्धान्त हुन्।

- कार्यकारी सम्पादक ढुंगाना र प्रकाशक कँडेललाई तीन/तीन महिना कैद
- तिमिल्सिनालाई ६ महिना कैद
- सीधाकुरा डटकमलाई ५ हजार जरिवाना



समाचार पृष्ठ २

# जताततै बाढी-पहिरोको कहर



अन्नपूर्ण | *काठमाडौं*

दसैं-तिहार जस्ता चाडबाडको मुखमा बाढी-पहिराले देशैभर बितण्डा मच्चायो। बिहीबारदेखि परेको अविरल वर्षापछिको बाढी र पहिराले देशलाई थप आक्रान्त बनायो। राजधानीसँग जोडिने सबै सडक अवरुद्ध बने। मुख्य नाका मुग्लिन-नागढुंगाअन्तर्गत धादिङको झ्याप्लेखोलामा तीनवटा सवारी साधन पुरिए। तीन दर्जन बढीको ज्यान गयो। शनिबार मात्रै सुरक्षाकर्मीले पुरिएका सवारी र शव निकाले। हजारौं यात्री अलपत्र छन्। शनिबार रातिदेखि एकतर्फी रूपमा सडक सञ्चालनमा आएको छ।

बीपी राजमार्गमा तीन दिनदेखि सवारी ठप्प छ। काठमाडौं हिंडेका एम्बुलेन्स गन्तव्यमा पुग्न नपाई बाटोमै बिरामीको ज्यान गएको छ। त्यति मात्र होइन, बाटोमै ज्यान गएकाहरूको शव पनि घरसम्म पुऱ्याउन कठिनाइ देखिएको छ। बिरामी बोकेका अरू तीनवटा एम्बुलेन्सबीच बाटोमै अलपत्र छन्। यात्रीको बिचल्ली छ। खाने, बस्ने र सुत्ने ठाउँ नहुँदा यात्रु बिरामी पर्न थालेका छन्। ठाउँ-ठाउँमा पहिरोले सडक बगाएकाले सञ्चालन हुन अझै केही दिन लाग्ने सरकारले जनाएको छ।

यता, हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीका सबै सडक अबरुद्ध छन्। ठाउँ-ठाउँमा पहिरो खसेको र नदीले पुलमा क्षति पुऱ्याएकाले यी सडक सञ्चालन हुन अझै केही दिन लाग्ने प्रहरीले जनाएको छ। यता, राजधानी उपत्यकामा पनि बाढीले ठूलै क्षति पुऱ्यायो। नदी/किनारका अधिकांश बस्ती डुबानमा परे। उपत्यकामै ४२ जनाको ज्यान गयो। अझै केही हराइरहेका छन्। गृह मन्त्रालयका अनुसार बाढी-पहिरोबाट १ सय ४८ को मृत्यु भएको छ। ५५ जना बेपत्ता छन्। १ सय बढी घाइते छन्। बेपत्ताको संख्या धेरै रहेकाले मृतकको संख्या अझै बढ्न सक्ने मन्त्रालयका अधिकारीहरू बताउँछन्। यस्तै बाढीले ३ सय २२ वटा घरमा क्षति पुऱ्याएको छ। १६ वटा पुल बगाएको छ।

विस्तृत समाचार पृष्ठ १० मा

